राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक १६६ | २०८२ माघ ५ गते सोमवार | (19 Jan. 2026) | पृष्ठ ४ | मूल्य रु. ३।-

## निर्वाचन आयोगको निर्णयविरुद्ध देउवा पक्षीय कार्यकर्ताको विरोध

दैनिक समाचारदाता

काठमाडौं, ४ माघ। नेपाली कांग्रेसको आन्तरिक विवाद उत्कर्षमा पुगेको छ। निर्वाचन आयोगले विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कार्यसमितिलाई पार्टीको आधिकारिकता प्रदान गरेपछि शेरबहादुर देउवा पक्षधर नेताहरूले सो निर्णयलाई अवैधानिक र दुराशयपूर्ण भएको भन्दै सडक प्रदर्शनमा उत्रिएका छन्।




आयोगको निर्णयपछि देउवा पक्षले शनिवार पार्टी केन्द्रीय कार्यालय सानेपामा बैठक बसि निर्णयलाई अस्वीकार गरेको छ। बैठकले आयोगको कदम संविधान, कानून र पार्टी विधानविपरीत भएको ठहर गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ।

यसअघि शुक्रबार आयोगको निर्णय सार्वजनिक भएलगत्तै देउवा पक्षका कार्यकर्ताहरू आयोग परिसरमा विरोध प्रदर्शनमा उत्रिएका थिए।

उनीहरूले नाराबाजी गर्दै आयोगको निर्णयको विरोध गरेका थिए भने गगन थापा पक्षले खुसीयाली मनाएको थियो। देउवा

*बाँकी ३ पृष्ठमा*

## आज मध्यरातदेखि निर्वाचन आचारसंहिता लागू

दैनिक समाचारदाता

काठमाडौं, ४ माघ। निर्वाचन आयोगले आज राति १२ बजेदेखि निर्वाचन आचारसंहिता लागू गर्ने भएको छ। आयोगका अनुसार आइतबार बसेको बैठकले आचारसंहिता कार्यान्वयनमा ल्याउने निर्णय गरेको हो।



निर्वाचन प्रक्रियालाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी, मितव्ययी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न आवश्यक भएकाले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आचारसंहिता लागू गरिएको आयोगले जनाएको छ। आयोगले

*बाँकी ३ पृष्ठमा*

## मेयर पद छाडेपछि बालेन रास्वपासँग जनकपुरधाममा

दैनिक समाचारदाता

जनकपुरधाम ४ माघ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) जनकपुरधाम आएका छन्। काठमाडौं महानगरपालिकाको मेयर पदबाट आइतबार औपचारिक रूपमा राजीनामा दिएपछि उनी पार्टी सभापति रवि लामिछानेसँगै जनकपुरधाम पुगेका हुन्।




मेयर पदबाट राजीनामा दिएपछि बालेन केही समयका लागि रास्वपाको केन्द्रीय कार्यालय वनस्थलीस्थित घण्टीघर पुगेका थिए। त्यहाँ उनले पार्टीको वरिष्ठ नेताको हैसियतमा औपचारिक रूपमा पदभार ग्रहण गरेपछि जनकपुरतर्फ प्रस्थान गरेका हुन्। रास्वपाका अनुसार पार्टीको राजनीतिक गतिविधि र संगठन विस्तारका कार्यक्रमका लागि शीर्ष नेताहरू मधेस प्रदेशको राजधानी जनकपुर आएका हुन्। बालेन र सभापति लामिछाने जनकपुरधाम विमानस्थलमा अवतरण गरेलगत्तै रास्वपाका नेता तथा कार्यकर्ताहरूले स्वागत गरेका थिए। विमानस्थल परिसरमा पार्टीका स्थानीय नेताहरू, कार्यकर्ता तथा समर्थकहरूको उल्लेख्य उपस्थिति देखिएको थियो। कार्यकर्ताहरूले नाराबाजी गर्दै बालेन र सभापति लामिछानेलाई स्वागत गरेका थिए।

रास्वपाका अनुसार जनकपुरधाम बसाइका क्रममा वरिष्ठ नेता बालेन शाह पार्टीका विभिन्न कार्यक्रम तथा आन्तरिक बैठकहरूमा सहभागी हुने कार्यक्रम छ। साथै मधेस प्रदेशमा पार्टीको संगठन सुदृढीकरण, राजनीतिक अवस्था र आगामी रणनीतिबारे शीर्ष नेताहरूबीच छलफल हुने बताइएको छ।

पुस १४ गते औपचारिक रूपमा रास्वपामा समाहित भएका बालेन शाहलाई पार्टीले वरिष्ठ नेताको जिम्मेवारी दिएको छ। स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौं महानगरपालिकाको मेयर बनेका बालेनको रास्वपामा प्रवेश र त्यसपछि जनकपुर आगमनलाई पार्टीको राष्ट्रिय विस्तार र रणनीतिसँग जोडेर हेरिएको छ। विशेषगरी मधेस प्रदेशमा रास्वपाको संगठनलाई मजबुत बनाउने र शहरी मतदाता तथा युवा वर्गसँग पार्टीको सम्बन्ध विस्तार गर्ने उद्देश्यले बालेनको भूमिका महत्वपूर्ण हुने पार्टी नेताहरूको भनाइ छ। काठमाडौं महानगरको नेतृत्वबाट बाहिरिएर राष्ट्रिय राजनीतिमा सक्रिय भएका बालेनको जनकपुर आगमनले स्थानीय राजनीतिक वृत्तमा पनि चासो बढाएको छ। रास्वपाले जनकपुर बसाइका क्रममा सार्वजनिक कार्यक्रम तथा राजनीतिक भेटघाटका कार्यक्रमसमेत तय गरिएको जनाएको छ।


**बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान पुऱ्याऔं**

- बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न तथा त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति प्राप्त गरौं।
- अनुमति लिँदा होर्डिङ्ग बोर्ड राख्ने स्थान तथा आकारबारे स्पष्ट उल्लेख गरौं।
- होर्डिङ्ग बोर्ड राख्न उपयुक्त छ कि छैन भन्ने कुरा स्थानीय तहले जाँचबुझ गरेर मात्र अनुमति दिनुहोस्।
- शहर तथा घना वस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकाले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गरौं।
- अनुमति दिने क्रममा नै तोकिएको शुल्क संकलन गरौं।
- बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं।
- बाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रूपमा विकास गरौं।
- बाह्य विज्ञापनका लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं।

स्थानीय तहको आम्दानी वृद्धि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


**अब अनलाइनबाट बुकिङ्गको सुविधा**




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# बालेनको राजीनामा संकेत र सन्देश

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) को राजीनामाले स्थानीय शासन र वैकल्पिक राजनीतिमाथि गम्भीर प्रश्न उठाएको छ। स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित भएर शहरी मतदाताको आशा र आक्रोश दुवै प्रतिनिधित्व गरेका बालेनको यो कदम केवल व्यक्तिगत निर्णय होइन, समकालीन नेपाली राजनीतिमा देखिएको संक्रमणको सूचक हो।

बालेनको उदय परम्परागत दलप्रतिको असन्तुष्टि र नयाँ शैलीको नेतृत्वप्रतिको अपेक्षासँग जोडिएको थियो। महानगरको मेयर बनेपछि उनले केही साहसी निर्णय गरे, शहरी अनुशासन, अतिक्रमण नियन्त्रण र प्रशासनिक कडाइको बहस उठाए। तर ती प्रयासहरू संस्थागत अवरोध, संघीय सरकारसँगको असहज सम्बन्ध र राजनीतिक दबाबका कारण अपेक्षित परिणाममा पुग्न सकेनन्। यही सीमितताले उनलाई स्थानीय तहको कार्यकारी भूमिकाभन्दा राष्ट्रिय राजनीतितर्फ मोडिएको देखिन्छ।

राजीनामा पत्रमा बालेनले कानुनी प्रक्रियाअनुसार स्वेच्छिक रूपमा पद त्याग गरेको उल्लेख गरेका छन्। औपचारिक भाषा शालीन छ, तर राजनीतिक नैतिकताको प्रश्न उब्जिन्छ। स्थानीय तहमा प्रत्यक्ष जनमतबाट निर्वाचित नेतृत्वले कार्यकाल पूरा नगरी पद त्याग गर्नु लोकतान्त्रिक उत्तरदायित्वसँग कसरी मेल खान्छ भन्ने बहस स्वाभाविक छ। राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेशसँगै बालेन अब व्यक्तिवादी छविबाट दलगत संरचनामा प्रवेश गरेका छन्। स्वतन्त्र पहिचानबाट प्राप्त लोकप्रियता अब पार्टीको नीति, अनुशासन र सामूहिक निर्णयसँग जोडिनेछ। यसले उनको राजनीतिक प्रभावलाई विस्तार गर्न सक्छ, तर स्वतन्त्र शैलीमा पनि अंकुश लाग्नेछ। प्रश्न यही हो–के बालेन दलभित्र रहेर पनि आफ्नो स्पष्टता र दबाब सिर्जना गर्ने क्षमता जोगाइराख्न सक्छन?

रास्वपाका लागि बालेनको प्रवेश अवसर र चुनौती दुवै हो। यसले पार्टीलाई शहरी मतदाता र वैकल्पिक राजनीतिक धारसँग अझ नजिक ल्याएको छ। तर व्यक्तित्व केन्द्रित राजनीति पार्टी संस्थागतरणमा बाधक नबनोस् भन्ने सतर्कता पनि आवश्यक छ।

बालेनको राजीनामालाई अन्त्यभन्दा पनि सुरुआतका रूपमा हेर्नुपर्छ। यो निर्णयले नेपाली राजनीतिमा वैकल्पिक शक्ति कति परिपक्व छ भन्ने परीक्षा लिनेछ। अन्ततः जनताको चासो एउटै छ–के यो कदम सत्तामा पुग्ने रणनीति मात्र हो, कि साँच्चै शासन प्रणाली बदल्ने दिशातर्फको साहसिक प्रयास? बालेनको आगामी यात्राले यसको उत्तर दिनेछ।

# भूराजनीतिक शक्ति प्रतिस्पर्धाको चपेटामा नेपाल



डा. कृष्णप्रसाद ओली

भूराजनीतिमा कुनै पनि शक्तिसम्पन्न वा विपन्नुन मुलुकको परराष्ट्र नीति र त्यसको प्रभावको अध्ययन गर्ने तरिकालाई लिइन्छ। क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा भूगोल,जलवायु, जनसंख्या,प्राकृतिक स्रोत लगायतका वर्तमान र भविष्यमा हुने र भइरहेको घटनाहरू भूराजनीतिमा जोडिने गर्छन्। राजनीतिक शक्तिको चलखेल भूराजनीतिको अर्को महत्वपूर्ण पाटो हो।

वर्तमान विश्वका प्राय कुनै पनि मुलुकहरू भूराजनीतिको प्रभावबाट अछुतो छैनन्। हरेक देशहरू युद्धरत वा शान्तिपूर्ण हुन सबैमा भूराजनीतिको प्रभाव छ। कतिपय महाशक्ति राष्ट्रहरूले साना देश वा आफ्ना प्रतिस्पर्धीहरूलाई शान्तिसँग बस्न दिएका छैनन्। भनेजुएलामाथि अमेरिकी हस्तक्षेप वा अन्य कुनै सार्वभौम देशमाथिको आक्रमण हुनु दुवै गलत हुन्।

दक्षिणी र दक्षिण पूर्वी एसियाको भूराजनीति पनि ठूला शक्ति सम्पन्न राष्ट्रहरूबीच भइरहेका अस्वस्थ्य गठबन्धन र आन्तरिक कलह उत्पन्न हुन थालेका छन्।

अमेरिका र चीनबीच चलिरहेको प्रतिस्पर्धाले दक्षिण पूर्वी एसिया र चीन र भारतबीचको प्रतिस्पर्धाले दक्षिण एसिया दुवै प्रभावमा छन्।

विगतका केही घटनाहरूले यस क्षेत्रका राष्ट्रहरूबीच हुने सहयोग र समझदारीलाई थप बाधा पुऱ्याएको छ। जसका कारण यस क्षेत्रको भूराजनीति एकदमै संवदेनशील ठाउँमा पुगेको छ।

देशको सीमाभित्र प्राप्त स्रोतले नै राष्ट्रहरूको आर्थिकदेखि छिमेकी सम्बन्धमा प्रभाव पर्छ। दक्षिण एसियालाई हेर्दा यहाँ रहेका देशका नेताहरू भूपरिदृश्यको बन्दी भएको आभास हुन्छ।

उनीहरूमा आफैँले छनोट गरेर विकल्प दिने विषयहरू कम छन्। सिमा विवाद अहिले पनि सुल्झिएका छैनन्। जसका कारण ती देशका नेतृत्व अझै पनि सिमा सुरक्षाका लागि सक्रिय देखिन्छन्।

भारत र चीन ठूलो सीमा जोडिएका छिमेकी मुलुकहरू हुन्। उनीहरूबीच ठूलो युद्ध भनेको सन् १९६२ मा भएको थियो। यसको मुख्य कारण दुवै देशको सीमामा अवस्थित भौतिक अवरोध हिमालय पर्वतमाला भएको कारणले हो। त्ससैगरी नेपालको पनि छिमेकीहरूसँग पनि १८१६ को सुगौली सन्धीपछि कुनै नराम्रो सम्बन्ध भएको छैन। हालको वर्तमान प्रविधिको विकासका कारणले हिमालयको भौतिक उपस्थितिमा पनि अवरोध हटेको जस्तो मात्र देखिन्छ तर अझै पनि भौतिक अवरोध नै युद्ध कम हुने कारक तत्वको रूपमा लिन सकिन्छ।

अब चर्चा गरौँ विश्व भूराजनीतिको। विश्व भूराजनीतिमा मित्रता भन्ने कुरा केही पनि देखिँदैन र छैन। यो एउटा अत्यन्तै निर्दयी प्रक्रिया र राजनीतिक व्यवसाय नै हो भन्दा फरक नपर्ला।

किनभने यसमा भावना, प्रेम, सद्भाव, विचार, मुल्य र मान्यता सबै गौण हुन्छ। यसमा केवल शक्तिशाली राष्ट्र वा कमजोर राष्ट्रको आफ्नो निहित स्वार्थले मात्र काम गर्दछ। यदि त्यहाँ स्वार्थ मिल्यो भने सहयोग हुन्छ।

जस्तै शीतयुद्धका बेला अमेरिका,पाकिस्तान र अफगानी स्वार्थ मिलेको थियो र तत्कालीन सोभियत संघविरुद्ध मोर्चाबन्दी भयो। तर सन् २००१ को सेप्टेम्बर ११ मा भएको अमेरिकी घटनापछि यो सम्बन्द्ध तल्लो विन्दुमा झऱ्यो। अफगान युद्धका समय पाकिस्तान र अफगानिस्तानबीच अदृश्य सम्झौता देखियो। हाल अफगानिस्तान र भारतबीच सम्बन्ध नजिकिएको छ। जहाँ तालिबान नेतृत्वको सरकारलाई भारतले रुचाएको देखिन्छ।

अर्कोतर्फ पाकिस्तानले मन पराएको छैन। त्यसकारण भूराजनीति जहिले पनि आफ्ना राष्ट्रिय नीति र स्वार्थअनुसार चल्ने गर्दछ। भेनजुएला प्रकरण पनि यही हो। अमेरिकी स्वार्थ अनुसार त्यहाँका राष्ट्रपति निकोलस मदुरोले काम नगरेपछि रातारात अमेरिकी फौजले उनलाई देशभित्रै आफ्नो घरबाट अपरहण शैलीमा गिरफ्तार गरेर अमेरिका पुऱ्यायो।

मदुरोले अमेरिकी तेल कम्पनीहरूलाई भेनजुएलामा स्थान दिएको भए ट्रम्पले उनको गिरफ्तारी नगर्न पनि सक्थे। युक्रेनले नाटो सदस्य लिन नखोजेको भए रुसले आक्रमण नगर्न सक्थ्यो।

त्यसैले नीति निर्माण गर्ने र निर्णय गर्नेहरूले भूराजनीतिलाई भावनामा नबगिकन एकदम ठण्डा दिमागले बुद्धिमत्तापूर्वक सोच विचार अद्यावधिक गरिनुपर्दछ। नेपाल जस्तो संवेदशनील ठाउँमा रहेको मुलुकले वास्तविक धरातल बुझेर आफ्नो परराष्ट्र नीति निर्माण गरिनुपर्दछ।

हामीले मुसा र हात्तीसँगै गर्ने व्यवहार फरक हुनुपर्छ। त्यो वास्तविकता हो। हामीजस्ता साना राष्ट्र र ठूला राष्ट्रहरूले पनि आफ्नो राष्ट्रिय र क्षेत्रीय अर्थतन्त्रमा वृद्धि गरी भूराजनीतिक चपेटाबाट बाँच्दै राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने कुरा अहम कुरा पर्दछ।

त्यसका लागि राष्ट्रहरूबीच एक हद सम्मको विश्वास हुन जरूरी छ। तर वर्तमान दक्षिण एसियाको भूराजनीति हेर्ने हो भने एक अर्काबीचमा कुनै राम्रो विश्वासको वातावरण नै छैन। दक्षिण एसियाली देशहरूको सम्बन्ध सर्प, भ्यागुता र बिच्छीको जस्तो छ। यो अविश्वासका कारण हामी भूराजनीतिको चपेटामा सधैँ परिरहने गरेका छौँ। सार्क निष्क्रिय हुनुको कारण पनि यही हो।

यो भूराजनीतिक प्रक्रियामा नेपाल पनि अछुतो देखिँदैन। नेपालको विकासमा संयुक्त राज्य अमेरिकाको सहयोग सन् १९५० को दशकदेखि रहँदै आएको छ।

कृषि, शिक्षा, स्वास्थ्य, सडक पहुँच, खानेपानीलगायत अन्य विभिन्न क्षेत्रहरूमा अमेरिकी सहयोग प्राप्त हुँदै आएको छ। त्यसैगरी हाम्रो छिमेकी मुलुकहरू चीन र भारत दुवैको सहयोग हामीले प्रचुर मात्रामा प्राप्त गर्दै आइरहेका छौँ। विगतका घटना हेर्ने हो भने अमेरिकाले सन् १९५० र ६० को दशकसम्म साम्यवादी विचारधारालाई विश्वमा बढ्न नदिने शीत युद्धको परराष्ट्र नीति अनुसार चीनको तिब्बतमा सीआईए बाट कोभर्ट एक्सन गरेको थियो।

त्यस्तो कार्य नेपालको मुस्ताङ जिल्लालाई आधार शिविर बनाएर पनि गरेको थियो। सो कार्यलाई शान्तिपूर्ण तरिकाबाट हल गर्न नेपालले धेरै मिहिनेत गर्नु परेको थियो। नेपालका पहाडी जिल्लाहरूमा समेत अशान्तिको माहोल बनेको थियो।

चीन एउटा उदयीमान शक्ति राष्ट्र हो जो अमेरिकाको धम्कीसँग टक्कर दिन सक्छ। अमेरिका प्रतिस्पर्धी कुनै हालतमा पनि सहन गर्न सक्दैन।

हालैका वर्षहरूमा अमेरिकाले चीनलाई एक्ल्याउने नीति लिएको हुँदा नेपाललाई अमेरिकाले गर्दै आएको वर्तमान सहयोग पनि त्यसैको एउटा भाग हो भनी शंकाको दृष्टिले हेर्ने गरिएको देखिन्छ।

उदाहरणका लागि अमेरिकी सरकारले नेपालमा विद्युत ट्रान्समिसन लाईनको विस्तार र बाटोघाटो मर्मत संम्भारका लागि ५०० मिलियन अमेरिकी डलर मिलेनियम च्यालेन्ज कर्पोरेसन मार्फत अनुदान दिएको छ।

यसलाई विभिन्न राजनितिक समूह र छिमेकीहरू समेतले इन्डो प्यासिफिक रणनीति अन्तर्गत चीनलाई टक्कर दिन ल्याइएको आयोजना भन्दै आएका छन्। यसले नेपाललाई ठूलो भूराजनीतिक खेलको एउटा प्यादा भएको भनी पृष्ठपोषण गरेको भनिन्छ। यो कुराको नेपालको सन्दर्भमा भएको बहसले तत्कालीन सरकार ढल्नबाट मुस्किलले बच्यो।

दोस्रो कुरा अमेरिकाले नेपाललाई दिने सहयोग वास्तवमा उल्लेखनीय रूपमा बढायो जसमा साझा सैन्य अभ्यास, शान्ति सुरक्षा सम्बन्धी तालिम र केही सामरिक सहयोग पर्दछन्। यसलाई पनि कतिपयले नेपाली सेनालाई अमेरिकी क्याम्पतिर लागेको भनेर बुझेको पनि बताएका छन्।

यसैगरी अमेरिकाले नेपालमा विभिन्न गैरसरकारी संघ संस्थामार्फत विभिन्न विषयहरूमा जस्तै युएसएड मार्फत र अन्य विभिन्न फाउन्डेसन र सञ्चारमाध्यमहरूको प्रभावद्वारा आफ्नो सौम्य शक्तिमार्फत पश्चिमी उदार रणनीति अगाडि बढाउनुका साथै अमेरिकी समर्थन गर्ने ठूलो नागरिक समाज निर्माण गरेको भन्ने पनि छ। जनस्तरमा गैरसरकारी संस्थाहरूबाट हुने गरेका यी र यस्ता कार्यक्रमहरू हाम्रा दुवै छिमेकीहरू भारत र चीनका लागि असहज भएको कुरा बेलाबेला आउने गरेका छन्।

दक्षिण एसियाको व्यापक भूराजनीतिक भाष्य अहिले अमेरिकी विदेश नीतिमा रहेको 'इन्डो प्यासिफक स्ट्राटेजी' अन्तर्गत पर्दछ। जुन चीनको बढ्दो व्यापक क्षमतालाई प्रतिरोध गर्दै खुम्च्याउने रहेको छ।

यो रणनीतिको अर्को उद्देश्य चाहिँ भारतलाई साइजमा राखेर आफू अघि बढ्ने देखिन्छ। यसैगरी चीनको भाष्य पनि चीनका छिमेकी मुलुकहरूमा अमेरिकाले गर्ने कार्यहरू चीनको बहुआयामिक विकास र

*बाकी ३पृष्ठमा*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# राजविराज बसपार्क सञ्चालनका लागि पहल गर्ने मन्त्री सुमनको प्रतिबद्धता

दैनिक समाचारदाता

सप्तरी, ४ माघ । मधेस प्रदेशका श्रम तथा यातायात मन्त्री मनिष सुमनले तीन-तीन पटक टेन्डर सूचना आह्वान गरिँदा पनि ठेक्का नलागी सञ्चालनमा आउन नसकेको राजविराजको नवनिर्मित बसपार्क सञ्चालनका लागि आफूले सक्रिय पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

राजविराज नगरपालिकाले आइतबार आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै मन्त्री सुमनले उक्त प्रतिबद्धता जनाएका हुन् । सप्तरी मन्त्री सुमनको गृहजिल्ला समेत हो । शहरी विकास मन्त्रालयको १५ करोड ६० लाख रुपैयाँको लागतमा निर्माण गरिएको सुविधा सम्पन्न राजविराज बसपार्क गत जेठ १५ गते औपचारिक समारोहबीच उद्घाटन गरिएको थियो । तर, उद्घाटन भएको लामो समय



बितिसक्दा पनि बसपार्क सञ्चालनमा आउन नसक्दा नगरको मुख्य बजार क्षेत्रका सडकबाटै सार्वजनिक सवारीसाधन सञ्चालन तथा पार्किङ हुँदै आएको छ ।

कार्यक्रममा कार्यवाहक नगर प्रमुख इसरत परवीनले बसपार्क सञ्चालनमा ढिलाइ हुँदा नगरवासीले सास्ती भोग्नुपरेको जानकारी गराएपछि मन्त्री सुमनले केही दिन वस्तुस्थिति अध्ययन गरी बसपार्क सञ्चालनमा ल्याउन सक्दो सहयोग गर्ने आश्वासन दिए ।

कार्यवाहक नगर प्रमुख परवीनले नयाँ बसपार्कसम्म सवारीसाधन पुर्‍याउन आवश्यक पूर्वतयारी गरिएको भए पनि तीन पटक टेन्डर आह्वान गर्दा समेत कसैले ठेक्का लिन चासो नदेखाएको बताए । यसप्रति प्रतिक्रिया दिँदै मन्त्री सुमनले भने, "सप्तरी जिल्लाकै गौरवका आयोजनामध्ये एक राजविराज बसपार्कलाई यथाशीघ्र सञ्चालनमा ल्याउन मेरो पूर्ण सहयोग रहनेछ ।"

सम्मान ग्रहणपछि मन्तव्य राख्दै मन्त्री सुमनले आफू विगतमा पनि 'बेदाग' रहेको र नयाँ जिम्मेवारीमा रहेर पनि बेदागै निस्कने दृढ इच्छाशक्ति रहेको बताए । उनले भने, "जतातत‍ै भ्रष्टाचारको जालो छ, त्यो जालोमा म नपरोस् भन्ने चाहना छ । त्यसका लागि तपाईंहरूको आशीर्वाद आवश्यक छ ।"

कार्यक्रममा कार्यवाहक नगर प्रमुख परवीनले बसपार्क र हटिया कम्प्लेक्स यथाशीघ्र सञ्चालनका लागि दिनरात खटिए पनि सरोकारवाला निकायबाट अपेक्षित सहयोग नपाएको गुनासो व्यक्त गरिन् । कार्यक्रममा सहभागी जनप्रतिनिधि, विभिन्न संघ-संस्था, कार्यालयका प्रतिनिधि तथा समाजका अगुवाहरूले बसपार्क सञ्चालनका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

## निर्वाचन....

पक्षले देशव्यापी प्रदर्शन र आन्दोलनको चेतावनीसमेत दिएको छ ।नेपाली कांग्रेसमा गत पुसमा विशेष महाधिवेशनको माग उठेपछि विवाद शुरु भएको थियो । ५३ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिको हस्ताक्षरका आधारमा विशेष महाधिवेशन आयोजना गरी गगन थापालाई सभापति चयन गरिएको थियो ।

देउवा पक्षले भने उक्त महाधिवेशनलाई विधानविपरीत भएको दाबी गर्दै आएको छ । आयोगले पार्टी विधानको धारा अनुसार ४० प्रतिशत प्रतिनिधिको मागमा विशेष महाधिवेशन वैधानिक हुने आधारमा थापा पक्षलाई मान्यता दिएको जनाएको छ ।

यो विवादले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा समेत असर पर्नसक्ने आशंका गरिएको छ । देउवा पक्षले पार्टी कार्यालय नछोड्ने र आफूहरू नै आधिकारिक भएको जिकिर गरेको छ । यता थापा पक्षले एकता र सहकार्यको अपील गर्दै अगाडि बढ्ने बताएको छ।

कांग्रेसको यो विभाजनले नेपाली राजनीतिमा नयाँ तरंग ल्याएको छ । दुवै पक्षले कानुनी र सडक संघर्षलाई तीव्र बनाउने संकेत गरेका छन् ।

## आज मध्यरातदेखि....

यसअघि नै आचारसंहिताको मस्यौदा सार्वजनिक गरिसकेको थियो ।आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि आयोगले ६ माघमा प्रत्यक्षतर्फको उम्मेदवार मनोनयन दर्ताको कार्यक्रम तय गरेको छ । मनोनयनको मिति नजिकिँदै जाँदा राजनीतिक दलहरू उम्मेदवार छनोट प्रक्रियामा व्यस्त देखिएका छन् ।आचारसंहिता लागू भएसँगै सरकार, राजनीतिक दल, उम्मेदवार, कर्मचारी तथा सरोकारवाला निकायहरूले आयोगले तोकेका मापदण्डअनुसार गतिविधि सञ्चालन गर्नुपर्नेछ । निर्वाचन मर्यादित, निष्पक्ष र विश्वसनीय बनाउन आचारसंहिताको कडाइका साथ पालना गराइने आयोगको भनाइ छ ।

# प्रधानमन्त्रीले मन्त्रीहरूसहित निर्वाचनबारे बैठक बोलाइन

काठमाडौँ, ४ माघ । प्रधानमन्त्री सुशीला कार्कीले आसन्न प्रतिनिधि सभा निर्वाचन, निर्वाचन आचारसंहिता र समसामयिक विषयमा छलफल गर्न मन्त्रीहरूसहितको बैठक बोलाएकी छन्। बैठक आइतबार दिउँसो ४ बजे प्रधानमन्त्री निवास, बालुवाटारमा आयोजना हुनेछ।



प्रधानमन्त्री कार्कीले यस बैठकको उद्देश्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित रूपमा सम्पन्न गराउन सम्बन्धित सरोकारवालाबीच विचार-विमर्श गर्नु रहेको बताएकी छन्। बैठकमा निर्वाचन तयारी, सुरक्षा, मतदाता सुविधा, राजनीतिक दलको आचारसंहिता पालना र मतदाता सहभागितासम्बन्धी योजना छलफल हुने अपेक्षा गरिएको छ।

प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता माघ ६ गते हुने कार्यक्रम रहेको छ। तर, राजनीतिक दलहरूले आन्तरिक व्यवस्थापनका कारण उम्मेदवारी चयनमा समस्या देखाएको भन्दै मिति केही दिन सार्न निर्वाचन आयोगसँग अनुरोध गरिरहेका छन्। यसै सन्दर्भमा प्रधानमन्त्रीको बैठकले दलहरूको माग, आयोगको तयारी र निर्वाचन कार्यतालिकाको प्रभावका विषयमा विस्तृत छलफल गर्ने बताइएको छ।

राजनीतिक विश्लेषकहरूले प्रधानमन्त्रीको बैठकलाई निर्वाचन प्रक्रिया व्यवस्थित र विवाद रहित बनाउन महत्वपूर्ण कदमको रूपमा मूल्यांकन गरेका छन्। बैठकपछि आयोग र दलबीच समन्वय सुदृढ हुने र उम्मेदवारी दर्ता प्रक्रियामा स्पष्टता आउने अपेक्षा गरिएको छ।सरकारले चुनावलाई समयमै र प्रभावकारी रूपमा सम्पन्न गर्ने दिशामा आवश्यक तयारी अघि बढाइरहेको जनाइएको छ। प्रधानमन्त्रीको बैठकले आगामी निर्वाचनमा पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

# चुनावलाई मितव्ययी बनाउनुपर्छ : अर्थमन्त्री

काठमाडौँ, ४ माघ । अर्थमन्त्री रामेश्वर खनालले प्रतिनिधिसभा सदस्य निर्वाचन मितव्ययी हुनुपर्नेमा जोड दिएका छन् ।

निर्वाचन आयोगका पदाधिकारीसँग आइतबार भएको छलफलमा कमभन्दा कम खर्चमा चुनाव सम्पन्न हुनुपर्नेमा उनले जोड दिए ।

यद्यपि उनले निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न आवश्यक स्रोतसाधन जुटाउने प्रतिबद्धता जनाए ।

अर्थमन्त्री खनालले सरकारको ध्यान निर्वाचनमा केन्द्रित भएको र आयोग त्यसमा अहारात्र खटेकामा सबै पदाधिकारी र कर्मचारीको सराहना गरे ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले



यथाशीघ्र निर्वाचन आचारसंहिता लागु हुने जानकारी दिँदै त्यससम्बन्धमा मन्त्रिपरिषद् र उच्च पदस्थ अधिकारीहरुलाई अवगत गराइने बताए ।

त्यस अवसरमा आयुक्तद्वय सगुनशम्शेर जबरा र जानकीकुमारी तुलाधर, सचिव कृष्णबहादुर राउतलगायत आयोगका उच्च अधिकारीले अर्थमन्त्री खनाललाई निर्वाचन तयारीबारे गराए ।रासस

## भूराजनीतिक....................

विस्तारलाई नियन्त्रित वा सीमित गर्ने रणनीति अन्तर्गत हुने भन्ने बुझिन्छ । यसको उद्देश्य पश्चिमा शक्तिहरूको यो क्षेत्रलाई अस्थिरतातिर धकेल्ने हो जहाँ चीन यो क्षेत्रमा पूर्ण स्थिरता चाहन्छ ।

यस्ता विषयहरूले नेपाल लामो समयदेखि विश्वको भूराजनीतिक जटिलताभित्र घुलिँदै आएको देखिन्छ। यही कुरालाई हृदयङ्गम गरी भूराजनीतिको कुरतालाई मध्यनजर गरेरै नेपालले अमेरिकी, भारतीय र चिनियाँ सहयोग लिने र चीन र भारत समदूरीको परराष्ट्र नीति लिँदै आएको छ । भारतसँगको सिधै स्थापित पेट्रोलियम तेल लाईन, रेल्वे लाइन, उर्जाप्रवर्धन, चीनसँगको बीआरआई सम्झौता र त्यसको विस्तारपूर्वक कार्यान्वयन र अमरिकासँगको एमसीसी कार्यक्रम र अन्य कुराहरू नेपालको भूराजनीतिक सन्तुलन उन्मुख परराष्ट्र नीति मान्नु पर्दछ ।

तर हालै नेपालमा उत्पन्न घटनाहरूले नेपालको कूटनीतिलाई देशको परराष्ट्र नीतिलाई विस्तारै कुन कुनामा धकेल्छ सो हेर्न बाँकी नै छ ।

*नेपालको सन्दर्भमा सन्तुलित भूराजनीति*

नेपालको कूटनीति सबै ठूला शक्ति राष्ट्रहरू चीन, भारत, अमेरिका र अन्यहरूबीच समावेशिता र मित्रताको जगमा टेकेर विकशित हुँदै आएको छ । हामीले एसियालाई नियालेर हेर्ने हो भने यहाँ तीन वटा मुलुकहरू छन् । चीन, भारत र पूर्वी एसियाका आसियान मुलुकहरू जो आर्थिक रूपमा एकताबद्ध भएर अगाडि बढिरहेका छन् । यी मुलुकहरूममा बौद्ध, हिन्दु, मुस्लिम र क्रिस्चियनसहित अन्य धर्मालम्बीहरू मिलेर बसेका छन् । पछिल्लो समय थाइल्यान्ड र कोम्बोडियाबीच भएको द्वन्द्वलाई पनि धर्म र भूराजनीतिलाई लिएर हेरिएको अवस्था छ । जो साम्य हुँदैछ ।

भ्रष्ट्राचार निवारण र अपराधिक क्रियाकलापको नियन्त्रणका लागि भनेर शक्तिशाली देशले साना मुलुकका राष्ट्र र सरकार प्रमुखहरूमाथि गर्ने/गराउने आक्रमण र हस्तक्षेपले समस्या निम्त्याएको छ । कहिले कूशासन त कहिले भ्रष्टाचारका नाममा ठूला शक्ति राष्ट्रहरूले गर्ने भूराजनीतिक 'कू'का चपेटामा साना राष्ट्रहरू पर्ने गरेका छन् ।

तसर्थ साना राष्ट्रहरूका लागि आफ्नो स्वतन्त्र परराष्ट्र नीति आफैँले निर्धारण गर्न वर्तमान विश्वमा कठिन बन्दै गएको देखिन्छ ।

नेपालको वर्तमान भूराजनीतिक प्रभाव पार्ने अहम देशहरूमा चीन, भारत र अमेरिका सहित पश्चिमी राष्ट्रहरू नै हुन् ।

भारतको अहम् प्रयास भनेको आफ्नो प्रभाव क्षेत्रलाई कायम राख्ने वा बढाउने हो । चीनको प्रगतिको कारण र नेपाल चीनबीचको घनिष्ठता र निकटता तथा बढ्दो कनेक्टिभिटीका कारण भारत कुनै कारण नै नभई सशंकित रहिरहन्छ । खासगरी नेपाल र चीनबीच 'बीआरआई' सम्झौता भएकोमा र चीनको नेपालमा बढ्दो आर्थिक सहयोगमा पनि भारत त्यति सन्तुष्ट देखिँदैन । वर्तमान नेपाली शासकहरूले ब्रिटिस भारतकै पालादेखि नेपाली राज्य व्यवस्थामा त्यसबेलाका नेपाली शासकहरूले जुन समस्या भोगेका थिए त्यहि किसिम र त्यो भन्दा भिन्न प्रकृतिका परराष्ट्र सम्बन्धी नेपाल भारत सम्बन्धमा अरू आयामहरू थपिएका र व्यहोरिरहेका छन् ।

दोस्रो कुरा अमेरिका चीनसँगैको दीर्घकालीन रणनीतिक प्रतिस्पर्धामा संलग्न छ। नेपाल यसको आफ्नो भूगोल र अवस्थितिका कारण सो प्रतिस्पर्धाको एउटा रंगशाला बन्रुने जोखिम छ । अमेरिकाको लक्ष्य भनेको यहाँ राजनीतिक अस्थिरता ल्याउने र सोही अस्थिरताबाट चिनियाँ र भारतीय स्थायित्वलाई खल्बल्याउन प्रयास गर्ने हो भन्ने कुरा केही अध्येताहरू बताउँछन् । नेपालले 'एक चीन सिद्धान्त' लाई पूर्ण रूपमा स्वीकार गरेर सोही अनुसार कार्य गर्दै आएको छ ।

यसका साथै नेपाल चीनबाट अगाडी सारेको विश्वलाई जोड्ने बीआरआई सम्झौताको पक्ष राष्ट्र भएको छ भने यसले अमेरिकाबाट एमसीसी पनि लिएको छ । यसरी नै भारतसँग पनि विभिन्न सम्झौताहरू भएका छन् । नेपालजस्तो सानो राष्ट्रले ठूला शक्ति राष्ट्रहरूलाई सन्तुलित राख्ने परराष्ट्र सम्बन्धी रणनीति यहि हो। यस्तो रणनीतिले ठूला शक्ति राष्ट्रहरूबाट फाइदाका लागि सहयोग लिनुका साथै आफ्नो स्वाधीनता पनि कायम राखेको छ ।

नेपालको वास्तविक भूराजनीतिक पासो चाहिँ भारत र चीनसँग रहन्छ । यहाँ अमेरिका र पश्चिमा शक्ति भूराजनीतिको तेस्रो प्रभावकारी खेलाडीका रूपमा देखा परेका छन् । यिनको उपस्थितिले केही अन्य विकल्प त दिन्छ तर यसले हाम्रो भूराजनीतिक परिधिमा अझ जटिलता ल्याउन सक्छ । जसले गर्दा नेपाली परराष्ट्र नीतिको चीन र भारत सन्तुलन गर्ने कार्यलाई अझ पेचिलो र समस्यग्रस्त बनाउँदै लान सक्ने छ ।

मेरो विचारमा अमेरिकाको नेपालमा यस्तो संललग्नता महत्वपूर्ण हिसाबले वृद्धि भएको छ । यस्तो हुनुको मुख्य कारण चीनलाई समिति पार्ने उद्देश्यले अमेरिकाले अङगीकृत गरेको 'ईण्डो प्यासिफिक रणनीति' नै हो ।

यस्तो संलग्नताले नेपालमा केही विकल्पहरू जस्तै विकास सहयोग जस्ता कुराहरू त दिन्छ होला तर यसले विद्यमान भइरहेको महाशक्ति राष्ट्रहरूको भूराजनीतिक प्रतिस्पर्धालाई अझ तीव्र बनाउनका लागि सहयोग गर्दछ । त्यसरी भूराजनीतिक होडबाजी बढेको खण्डमा राजनीतिक दरार विकास हुनका साथै नेपालका लागि प्राप्त हुने विकल्पहरू एकदमै गाह्रो, महङ्गो र कम हुनेछन् । यसका लागि महाशक्तिहरूका सामु हाम्रा समस्याहरू संवाद मार्फत खुला राख्नुपर्दछ ।

नेपाल भूराजनीतिक जटिलतामा पहिलेदेखि नै रुमल्लिँदै आएको छ । नेपालको परराष्ट्र नीति आफ्ना दुवै शक्तिशाली र प्रतिस्पर्धी छिमेकीहरू र अन्यहरूसँगै सुमधुर सम्बन्ध राख्रुने हो ।

वर्तमान अवस्थामा यसरी सुमधुर सम्बन्ध बनाएर राख्ने परराष्ट्र नीति हाम्रा आन्तरिक शक्तिहरू विभाजित भई एकीकृत परराष्ट्र नीति अंगिकार गर्न नसेका कारण आफूभित्रका टुटफुटले उत्पादन गरेका कारण नाटकीय रूपमा आफू प्रतिबन्धित' भएजस्तो अनुभूति हुन लागेको देखिन्छ ।

नेपालका अगाडि विकल्पहरू भनेको राम्रो र नराम्राबीच भन्दा पनि कम खराब र सबैभन्दा खराबबीच चुनाव गर्ने रहेको छ ।

तसर्थ, नेपालको भावी परराष्ट्र नीतिको रेखा भनेको आफूलाई विकसित गर्न लाभ उठाउँदै आफू र आफ्ना पूर्खाहरूले रक्षा गरेर सुरक्षित हस्तान्तरित सार्वभौमसत्तालाई ठूला र दुई महाशक्तिहरूको आकर्षण, विकर्षण र बाह्य अदृश्य शक्तिमा नपरी बाँचेर अगाडी बढ्नु रहेको छ ।

साथै, नेपालका राजनैतिक दलहरु, नागरिक समाज, राज्यका सुरक्षा निकायहरू र अन्य संरचनाहरूले दह्रो खुट्टा टेकी निःस्वार्थ भावले एउटा प्रजातान्त्रिक अभ्यास गर्दै अघि बढीरहेको मुलुकको रक्षा कवच बन्नुपर्दछ । न की राज्य जलेको बेला मुकदर्शक भई आगोमा घिउ थप्ने र केवल राज्यको बोझ भई बस्ने । यसरी हामी सबैमा राष्ट्रभाव जागेको खण्डमा मात्र हामीमा आउने जुनसुकै समस्या आफैँमा समाधान गर्न सक्ने क्षमता हामीसँग सञ्चित रहन्छ ।

# कलवार कुटीको नयाँ कार्य समितिको अध्यक्षमा पुनः श्यामा साह

जनकपुरधाम, ४ माघ । व्याहुत सेवा समिति (कलवार कुटी) को शनिबार सम्पन्न नयाँ कार्य समिति निर्वाचनबाट अध्यक्ष पदमा पुनः श्यामप्रसाद साह निर्वाचित भएका छन्।



शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न निर्वाचनमा उपाध्यक्षमा संजयप्रसाद साह, महासचिवमा शिवशंकर साह, सचिवमा दीपककुमार साह तथा कोषाध्यक्षमा बजरंगप्रसाद साह निर्वाचित भएका छन्।

त्यसैगरी सदस्य पदमा रघुनाथप्रसाद साह, रामजी साह, इन्दु देवी साह र मनोजकुमार साह निर्वाचित भएको निर्वाचन प्रमुख उमेशकुमार साहले जानकारी दिएका छन्।

अध्यक्ष पदमा श्यामप्रसाद साहले ४२८ मत प्राप्त गरी विजयी भएका हुन् भने उनका प्रतिस्पर्धी शंकर साहले २०३ मत प्राप्त गरेका छन्। उपाध्यक्ष पदमा संजयप्रसाद साहले ३७७ मत ल्याई विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी इन्जिनियर मनोजकुमार साहले २३० मत प्राप्त गरेका छन्।

महासचिव पदमा शिवशंकर साहले २४४ मत ल्याई विजय हासिल गरेका छन् भने उनका प्रतिद्वन्द्वी केदार साहले २०८ मत र अर्का प्रतिद्वन्द्वी नागेन्द्रप्रसाद साहले १५६ मत प्राप्त गरेका छन्।

यसैगरी सचिव पदमा दीपककुमार साहले ३४४ मत ल्याई विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी विजयकुमार साहले २६० मत प्राप्त गरेका छन्। कोषाध्यक्ष पदमा बजरंगप्रसाद साहले ३८३ मत ल्याई विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी संजय साहले २२० मत प्राप्त गरेका छन्।

गत शनिबार ९ सदस्यीय कार्य समितिका लागि सम्पन्न निर्वाचनमा कुल १९ जनाले उम्मेदवारी दिएका थिए।

## मोटरसाइकल हराएको सूचना

मिति २०८२/९/३० गतेका दिन मनोज कुमार यादवको नाममा रहेको जि.ध. जनकपुरधाम उपमहानगरपालिका वडा नं. २ वकिल टोल निजी घरको गेटबाट पार्किङ्ग गरी राखेको कालो-रातो रंगको दर्ता नं.म.प्र.०२-००५ प.८१६८ नम्वरको २२० सिसीको हुल्लास कम्पनीको पल्सर मोटरसाइकल दिनको अन्दाजी ३:०० बजेको समयमा हराएको हुँदा देख्नु हुने महानुभावहरुले मोवाइल नं. ९८५१००४०३४ वा नजिकको प्रहरी कार्यालयमा खबर गरी सहयोग गरी दिन हुन अनुरोध छ ।

चेसिस नं.: MD2A13EX3MCJ99178

इन्जिन नं : DKXCMJ33495

मोटरसाइकल नं.: म.प्र.०२-००५ प.८१६८

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

## धरानमा बस दुर्घटना हुँदा पाँच जनाको मृत्यु

दैनिक समाचारदाता

काठमाडौँ ४ माघ । सुनसरीको धरानमा आइतबार बस दुर्घटना भएको छ । जनकपुरबाट धरानको भेडेटार शैक्षिक भ्रमणमा गएको बस दुर्घटना भएको कोशी प्रदेशका डीआईजी विनोद घिमिरेले बताए । दुर्घटनामा परेर ५ जनाको मृत्यु भएको छ । को.१ ख ७१११ नम्बरको बस दुर्घटना भएको हो । चालक सहित ५ जनाको मृत्यु भएको सुनसरीका एसपी केशव थेबेले जानकारी दिए । दुर्घटनामा परेर १२ जना घाइते भएका छन् । उनीहरूको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ ।

# राष्ट्रिय सभाका तीन सांसदले दिए पदबाट राजीनामा

काठमाडौं, ४ माघ । राष्ट्रिय सभाका तीन सांसदले राजीनामा दिएका छन्।

नेपाली कम्युनिष्ट पार्टीका नारायणकाजी श्रेष्ठ, राष्ट्रपतिबाट मनोनीत सांसद वामदेव गौतम र नेकपा एमालेकी भगवती न्यौपानेले पदबाट राजीनामा दिएका हुन्।

तीनै जनाले सिंहदरबारस्थित राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाललाई राजीनामा बुझाएका हुन्।



फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा उम्मेदवार बन्न उनीहरुले पदबाट राजीनामा दिएका हुन्।

तीनै जना सांसदहरुको कार्यकाल आउँदो फागुन २० गते सकिदैँ थियो।

श्रेष्ठ सर्लाही-३ बाट उम्मेदवार बन्न लागेका छन्।

त्यस्तै वामदेव गौतम बर्दियाबाट चुनाव लड्ने तयारीमा छन्। गौतम पनि नेपाल कम्युनिष्ट पार्टीबाट उम्मेदवार बन्न लागेका हुन्। न्यौपाने तनहुँ-१ बाट चुनाव लड्ने तयारीमा छिन्।

# मेयर पद त्यागेर रास्वपातर्फ बालेन

दैनिक समाचारदाता

काठमाडौँ ४ माघ । काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले आफ्नो पदबाट औपचारिक रूपमा राजीनामा दिएका छन् । आइतबार उनले महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलसमक्ष राजीनामा पत्र बुझाउँदै आफ्नो कार्यकाल समाप्त भएको घोषणा गरेका हुन् ।



उपप्रमुखको कार्यालयमा दर्ता भएको राजीनामा पत्रमा बालेनले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा काठमाडौँ महानगरपालिकाका प्रचलित कानुनी व्यवस्था अनुसार स्वेच्छिक रूपमा पदत्याग गरेको उल्लेख गरेका छन् । राजीनामा आजैदेखि लागू हुने गरी बुझाइएको पत्रमा उनले आफ्नो कार्यकालको संक्षिप्त समीक्षा गर्दै आगामी नेतृत्वप्रति शुभकामना व्यक्त गरेका छन् ।

पत्रमा उनले लेखेका छन्, “यस पदमा रहँदा काठमाडौँ महानगरपालिका र नगरवासीको हितमा सकेसम्म इमानदारीपूर्वक कार्य गर्ने प्रयास गरेको छु । अबको दिनमा महानगरपालिकाको नेतृत्व, सेवा प्रवाह र विकास-यात्रा थप प्रभावकारी, पारदर्शी र परिणाममुखी बनोस् भन्ने कामना गर्दछु।”

स्थानीय तहको नेतृत्वबाट बाहिरिएसँगै बालेन सक्रिय दलगत राजनीतिमा प्रवेश गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा समाहित भएको २१ दिनपछि आइतबार उनी पार्टीको केन्द्रीय कार्यालय वनस्थलीस्थित घण्टीघर पुगेर वरिष्ठ नेताको हैसियतमा पदभार ग्रहण गरेका हुन् । पार्टी कार्यालयमा उनलाई सभापति रवि लामिछाने, उपसभापति डीपी अर्यालगायत शीर्ष नेताहरूले स्वागत गरे ।

बालेन पार्टी कार्यालय पुग्ने खबरसँगै त्यहाँ समर्थकहरूको उल्लेख्य भिड देखिएको थियो । पहिलोपटक रास्वपाको कार्यालय पुगेका उनले आफ्नै कार्यकक्षमा पुगेर औपचारिक रूपमा पदभार सम्हालेका थिए । छोटो समय कार्यालयमा बिताएपछि उनी त्यहाँबाट फर्किएका थिए ।

रास्वपाका अनुसार पुस १४ गते पार्टीमा समाहित भएका बालेन आज बस्ने केन्द्रीय समिति बैठकमा वरिष्ठ नेताको रूपमा सहभागी हुनेछन् । बैठकपछि सभापति रवि लामिछानेसहित शीर्ष नेताहरू साँझ मधेस प्रदेशको राजधानी जनकपुर जाने कार्यक्रम रहेको छ ।

महानगरको मेयरका रूपमा ‘स्वतन्त्र पहिचान’ बनाएका बालेनको यो कदमलाई अब राष्ट्रिय राजनीतिमा नयाँ भूमिकाको सुरुआतका रूपमा हेरिएको छ । स्थानीय तहको कार्यकारी जिम्मेवारीबाट अलग भएर पार्टी संरचनामा प्रवेश गरेका बालेनले अब आफ्नो राजनीतिक एजेन्डा र प्रभावलाई कस्तो रूप दिन्छन् भन्ने विषयमा राजनीतिक वृत्तमा चासो बढेको छ ।












‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४